iPPAN
नेपालको समृद्धिका लागि ऊर्जा
Regd No: 77/1263/057/058
PAN No: 302275560
स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल
Independent Power Producers' Association, Nepal

*President*
Ganesh Karki
*Senior Vice President*
Mohan K. Dangi
*Vice President*
Ananda Chaudhary
Ashish Garg
Bharat B. Khatri
Ram P. Acharya
Uttam Bhlon Lama
*General Secretary*
Balaram Khatiwada
*Deputy General Secretary*
Prakash Chandra Dulal
*Secretary*
Bharat Kumar Khadka
Bharat Nepal
Bikram Bista
Him P. Pathak
Kabita Pokhrel
*Treasurer*
Narendra Ballav Panth
*Member*
Bharat P. Parajuli
Bijay Mohan Bhattarai
Isha Shrestha
Kuber Mani Nepal
Mithun C. P. Paudel
Shankar Bashyal
Suman Joshi
Susan Karmacharya
T N Acharya
Uttar K. Shrestha
*Associate Member*
Shailendra Guragain
*IPP & Chief Advisor*
Krishna P. Acharya

च न १५८ (०८१/८२) मिति : २०८२/०२/११

माननीय श्री दीपक खड्काज्यू
मन्त्री, ऊर्जा, जलस्रोत तथा सिंचाई
सिंहदरबार, काठमाडौं ।

**विषय : विद्युत विधेयकमा इप्पानका सुझाव सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल (इप्पान) ५०० भन्दा धेरै विद्युत आयोजनाहरु सदस्य रहेको निजी क्षेत्रका ऊर्जा उत्पादकहरुको छाता संस्था हो । अहिले करिब ३५०० मेगावाट (मे.वा.) जडित क्षमता पुग्दा निजी क्षेत्रबाट २७४० मे.वा. विद्युत उत्पादन भइरहेको छ । त्यस्तै निजी क्षेत्रबाट करिब ४१०० मे.वा. का आयोजनाहरु निर्माणाधीन छन् भने करिब ४३०० मे.वा. क्षमताका आयोजनाहरु विद्युत खरिद बिक्री सम्झौता (पीपीए) सम्पन्न गरेर वित्तीय व्यवस्थापनको चरणमा छन् । यसै गरि करिब १०,००० मे.वा. क्षमताका आयोजनाहरु अध्ययन सम्पन्न गरेर पीपीएको पर्खाइमा रहेका छन् भने करिब १२,५०० हजार मे.वा. क्षमताका विभिन्न आयोजनाहरु अध्ययनको चरणमा गरी निजी क्षेत्रबाट ३०,००० मे.वा.भन्दा बढी क्षमताका आयोजनाहरु अगाडि बढी रहेको अवगत गराउन चाहन्छौं ।

यस वर्षमा मात्रै नेपालले १७ अर्ब रुपैयाँ भन्दा बढीको विद्युत निर्यात गरी खुद निर्यातकर्ता बन्दा यसमा ठूलो हिस्सा स्वतन्त्र ऊर्जा उत्पादकहरुको रहेको कुरा विदितै छ । ऊर्जा, जलस्रोत तथा सिचाई मन्त्रालयले सन् २०३५ भित्र १५ हजार मे.वा. भारत र बंगलादेशमा निर्यात गर्ने र १३ हजार मे.वा. आन्तरिक रुपमा खपत गर्ने गरी २८ हजार ५ सय मे.वा. विद्युत उत्पादन पुऱ्याउने ऊर्जा विकास मार्गचित्र, २०८१ अघि सारेको छ । सो लक्ष्य पूरा गर्नका लागि बढीभन्दा बढी जलविद्युत आयोजना निर्माण गर्ने वातावरण बनाउनु अहिलेको आवश्यकता हो ।

यसै सन्दर्भमा संसदमा विचाराधिन विद्युत विधेयक, २०८० मा स्वतन्त्र ऊर्जा उत्पादकहरुका निम्न सवालहरु सम्बोधनका लागि माननीय मन्त्रीज्यूसमक्ष विनम्र अनुरोध गर्दछौं ।

धन्यवाद ।

-विद्युत विधेयक २०८० मा इप्पानका सुझावहरुको तीन महले यसै साथ संग्लग्न गरी पठाइएकव छ ।

भवदीय,
गणेश कार्की
अध्यक्ष

# विद्युत विधेयक, २०८० मा

## ऊर्जा उत्पादकका सवालहरु

# प्रस्तावित विद्युत् विधेयकमा संसोधनका सुझावहरु

iPPAN नेपालको समृद्धिका लागि उर्जा

| दफा उपदफा | प्रस्तावित व्यवस्था | संसोधन | साविक ऐनको व्यवस्था | कारण |
|---|---|---|---|---|
| **परिच्छेद ३ प्रतिस्पर्धा सम्बन्धी व्यवस्था** | दफा ५ प्रतिस्पर्धा गर्नुपर्ने:<br>१) विद्युत् उत्पादन आयोजनाको विकास तथा संचालन प्रतिस्पर्धाको आधारमा गर्नुपर्ने छ ।<br>उपदफा ३ (ख) मा उल्लेख भएको नेपाल सरकार वा नेपाल सरकारको ५१ प्रतिशत वा सोभन्दा बढी स्वामित्व भएको संस्था, निकाय वा संगठित संस्थाले विकास तथा सञ्चालन गर्ने भनी नेपाल सरकारले तोकेको विद्युत आयोजना,<br>उपदफा (ग) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले एकल वा संयुक्त लगानीमा विकास तथा संचालन गर्ने भनी संम्वन्धित तहको सरकारले निर्णय गरेका विद्युत आयोजना<br>दफा ५७ बमोजिम विकास तथा सञ्चालन गरिने विद्युत आयोजना | दफा ५ प्रतिस्पर्धा गर्नुपर्ने:<br>१) सरकार द्बारा पहिचान गरि विस्तृत अध्ययन गरेका विद्युत् आयोजनाको उत्पादन विकास तथा संचालन प्रतिस्पर्धाको आधारमा गर्नुपर्ने छ ।<br><br>उपदफा ३ (ख) र (ग) हटाउने<br><br>**थप गर्ने**<br>उपदफा ३ (च) निजी क्षेत्र आफैले आयोजनाको पहिचान गरेर संभाव्यता विद्युत अनुमती पत्रको लागि आवेदन दिएका आयोजनाको प्रतिस्पर्धा गर्नुपर्ने छैन । | नभएको । | विद्युत ऐन २०४९ को निजी क्षेत्र आफैले जलविद्युत आयोजनाको पहिचान तथा विकास गर्नसक्ने व्यवस्था उद्ययमसिलताको विकासको लागि निरन्तरता दिन आवश्यक रहेकोले ।<br>विद्युत ऐनले ५०० मेगावाट सम्मका आयोजनाका लागि मात्रै भएको सो भन्दा माथि लगानी बोर्ड ऐन आकर्षित हुनेहुँदा साना आयोजना बनाउन निजी क्षेत्रलाई दिन<br>सरकारी कम्पनीले ठुला, जलाशययुक्त र बहुउदेश्यीय आयोजना बनाउन उपयुक्त भएकोले ।<br>सबैलाई समान ढंगले प्रतिस्पर्धाको वातावरण बनाउनु आवश्यक रहेकोले । |
| | | | | |

# प्रस्तावित विद्युत् विधेयकमा संसोधनका सुझावहरु

| दफा उपदफा | प्रस्तावित व्यवस्था | संसोधन | साविक ऐनको व्यवस्था | कारण |
|---|---|---|---|---|
| **परिच्छेद ३** प्रतिस्पर्धा सम्बन्धी व्यवस्था | **दफा ६ विद्युत् खरिद सम्वन्धी प्रतिस्पर्धा:**<br><br>उपदफा (१) यो ऐन प्रारम्भहुनु अघि विद्युत उत्पादनको सर्भेक्षण अनुमती पत्र दिईएका वा यस ऐन बमोजिम छनौट भएका विद्युत आयोजनाबाट उत्पादित विद्युत् मध्ये स्वदेशमा खपतहुने विद्युतको हकमा विद्युत् वितरण संस्थाले विद्युत खरिद दरमा प्रतिस्पर्धा गराई विद्युत खरिद गर्नुपर्ने छ । | **दफा ६ विद्युत् खरिद सम्वन्धी प्रतिस्पर्धा:**<br><br>उपदफा (१) यो ऐन प्रारम्भहुनु अघि विद्युत उत्पादनको सर्भेक्षण अनुमती पत्र दिईएका वा यस ऐन बमोजिम अनुमती पत्र प्राप्त विद्युत आयोजनाबाट उत्पादित विद्युत् मध्ये स्वदेशमा खपतहुने विद्युतको हकमा नियामक निकायबाट निर्धारण गरे अनुसार विद्युत् वितरण संस्थाले तोकिएको विद्युत खरिद दरमा विद्युत खरिद गर्नुपर्ने छ । | नभएको । | विद्युत् खरिद विक्रीको दर तोक्ने अधिकार विद्युत नियमन आयोगमा ऐन २०७४ मा आयोगलाई भएकोले । हाल स्वदेशमा खपत हुने १०० मेवा भन्दा साना विद्युत आयोजनाको विद्युत् खरिद प्राधिकरणको प्रस्तावमा विद्युत नियमन आयोगले तोके अनुसार भैरहेको र सो भन्दा माथिका आयोजनाको हकमा विद्युत् नियमन आयोगले सार्वजनीक सुनुवाई गरि विद्युत् खरिद दर निर्धारण भैरहेको छ गर्ने व्यवस्था भएकोहुँदा सोहि अनुसार गर्न उपयुक्त हुने भएकोले |

# प्रस्तावित विद्युत् विधेयकमा संसोधनका सुझावहरु

iPPAN
नेपालको समृद्धिका लागि उर्जा

| दफा उपदफा | प्रस्तावित व्यवस्था | संसोधन | साविक ऐनको व्यवस्था | कारण |
|---|---|---|---|---|
| **परिच्छेद ३**<br>प्रतिस्पर्धा सम्बन्धी व्यवस्था | **दफा ७ को प्रतिस्पर्धाको आधार:**<br>(क) प्राविधिक आधार:<br>(१) वित्तिय क्षमता<br>(२)प्राविधिक तथा व्यवसायिक क्षमता<br>(३) सम्वन्धीत क्षेत्रको अनुभव<br><br>(ख) को आर्थिक आधार :<br>(१) नि:शुल्क दिइने शेयर,<br>(२) नि:शुल्क दिइने विद्युत ऊर्जा,<br>(३) अग्रिम रुपमा एकमुस्ट बुझाउन कबुल गरेको रकम,<br>(४) वार्षिक किस्ताबन्दिमा बुझाउन कबोल गरेको रकम<br>(५) विद्युतको महसुल दर | प्रतिस्पर्धाको आधार:<br>(क)प्राविधिक आधार:<br>(३) हटाउने<br><br>(ख) हटाउने | नभएको । | सम्वन्धीत क्षेत्रको अनुभवले नयाँ लगानीकर्तालाई लगानीको अवसरबाट बञ्चित गरेकोले<br><br>आयोजना निर्माण अगाडि नै सरकारलाई यतिधेरै रकम र सुविधा दिनुपरेपछि जलविद्युतको उत्पादन लागत महंगो भई स्वदेशी उपभोक्तालाई विद्युत महंगो हुनजाने भएकोले र अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी गर्न नसक्ने भएकोले |

# प्रस्तावित विद्युत् विधेयकमा संसोधनका सुझावहरु

iPPAN नेपालको समृद्धिका लागि उर्जा

| दफा, उपदफा | प्रस्तावित व्यवस्था | संसोधन | विद्युत ऐन २०४९ को व्यवस्था | कारण |
|---|---|---|---|---|
| **परिच्छेद ४ अनुमती** सम्बन्धी व्यवस्था | **दफा १९ अनुमति पत्रको अवधीः**<br><br>उपदफा १ को (क) जलासययुक्त जलविद्युत आयोजनाको हकमा ४५ वर्ष र अन्य प्रकृतिका जलविद्युत् आयोजनाको हकमा ४० वर्ष<br>(ख) जलश्रोत बाहेक अन्य श्रोतबाट विद्युत् उत्पादन गर्न २५ वर्ष<br>उपदफा ५ यो ऐन जारि हुनु भन्दा अगाडि अवधि तोकी जारि भएका अनुमति पत्रको हकमा सोहि अनुमति पत्रमा उल्लेखित अवधि र आयोजना विकास सम्झौता भएका आयोजनाको हकमा सोहि सम्झौतामा उल्लेखि भए बमोजिम हुनेछ। | **दफा १९ अनुमति पत्रको अवधीः**<br><br>उपदफा १ को (क) जलासययुक्त जलविद्युत आयोजनाको हकमा ५५ वर्ष र अन्य प्रकृतिका जलविद्युत् आयोजनाको हकमा ५० वर्ष<br>(ख) जलश्रोत बाहेक अन्य विविध स्रोतबाट विद्युत् उत्पादन गर्न ३५ वर्ष<br>उपदफा ५ यो ऐन जारि हुनु भन्दा अगाडि जारि भएका आयोजनाको हकमा अनुमतिपत्रको अवधी सम्वन्धी व्यवस्था विद्युत ऐन २०४९ अनुसार हुने छ। | **विद्युत ऐन २०४९ को दफा ५** को उपदफा (२) विद्युत उत्पादन, प्रसारण वा वितरणको लागि दिईने अनुमती पत्रको अवधी बढीमा पचास वर्षसम्मको हुने छ।<br>उपदफा (३) उपदफा १ वा २ मा तोकिएको अवधीभन्दा कम अवधीको लागि अनुमती पत्र दिईएकोमा अनुमती पत्रमा तोकिएको अवधी समाप्त हुनुभन्दा १ वर्ष अगावै तोकिए बमोजिम नविकरण गराउनुपर्नेछ। | साविक ऐन अनुसारको व्यवस्था उपयुक्त भएकोले |

# प्रस्तावित विद्युत् विधेयकमा संसोधनका सुझावहरु

iPPAN
नेपालको समृद्धिका लागि उर्जा

| दफा, उपदफा | प्रस्तावित व्यवस्था | संसोधन | साविक ऐनको व्यवस्था | कारण |
|---|---|---|---|---|
| **परिच्छेद ४ अनुमती** सम्बन्धी व्यवस्था | **दफा १९ अनुमति पत्रको अवधी:**<br>(ग) विद्युत विद्युत् प्रसारण, वितरण, व्यपार गर्न २५ वर्ष<br>(घ) ग्राहक सेवाको लागि ५ वर्ष<br>दफा (२०) अनुमती पत्र नविकरण:<br>उपदफा (१) यस ऐन बमोजिम विद्युत व्यपार तथा ग्राहक सेवाको अनुमती पत्र प्राप्त गर्ने संस्थाले .....नविकरण गर्नुपर्ने छ। | **दफा १९ अनुमति पत्रको अवधी:**<br>(ग) विद्युत विद्युत् प्रसारण, वितरण, व्यपार गर्न ५० वर्ष<br>(घ) ग्राहक सेवाको लागि १० वर्ष<br>दफा (२०) अनुमती पत्र नविकरण:<br>उपदफा (१) यस ऐन बमोजिम विद्युत व्यपार, प्रसारण तथा ग्राहक सेवाको अनुमती पत्र प्राप्त गर्ने संस्थाले .....नविकरण गर्नुपर्ने छ। | | विद्युत वितरण , प्रसारण र व्यपार गर्न उत्पादन अनुमती पत्रको जतिकै समय आवस्यक भएकोले<br><br>विद्युत प्रसारण सेवाको अनुमती पत्र नविकरण उपयुक्त भएकोले |
| | | | | |

# विद्युत ऐन २०४९ को दफा ५

iPPAN

नेपालको समृद्धिका लागि उर्जा



(ज) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

**३. विद्युत्को सर्वेक्षण, उत्पादन, प्रसारण वा वितरण:**

यो ऐनबमोजिम अनुमतिपत्र नलिई कसैले पनि विद्युत्को सर्वेक्षण, उत्पादन, प्रसारण वा वितरण गर्न हुँदैन ।

तर १००० किलोवाटसम्मको विद्युत्को उत्पादन, प्रसारण वा वितरण तथा त्यसको लागि आवश्यक सर्वेक्षण गर्न स्वदेशी व्यक्ति वा सङ्गठित संस्थाले अनुमतिपत्र लिनुपर्ने छैन । १०० देखि १००० किलोवाटसम्मको जलविद्युत्को सर्वेक्षण, उत्पादन, प्रसारण वा वितरण गर्नुअघि तोकिएको अधिकारीसमक्ष तोकिएबमोजिम जानकारी दिनुपर्नेछ ।

**४. अनुमतिपत्रको व्यवस्था:**

(१) विद्युत्को सर्वेक्षण, उत्पादन, प्रसारण वा वितरण गर्न चाहने व्यक्ति वा सङ्गठित संस्थाले सम्बन्धित विषयको आर्थिक, प्राविधिक र वातारणीय अध्ययन प्रतिवेदन तथा तोकिएबमोजिमका विवरणहरू खुलाई तोकिएको अधिकारीसमक्ष अनुमतिपत्रको लागि दरखास्त दिनुपर्नेछ ।

तर विद्युत्को सर्वेक्षणको अनुमतिपत्रको लागि दरखास्त दिँदा त्यस्तो अध्ययन प्रतिवेदन संलग्न गर्न आवश्यक पर्ने छैन ।

(२) उपदफा (१) बमोजिम परेको दरखास्तमा तोकिएको अधिकारीले आवश्यक जाँचबुझ गरी गराई दरखास्त परेको मितिले विद्युत्को सर्वेक्षण अनुमतिपत्रको हकमा तीस दिन भित्र र विद्युत्को उत्पादन, प्रसारण वा वितरण अनुमतिपत्रको हकमा एकसय बीस दिनभित्र तोकिएबमोजिमको ढाँचामा दरखास्तवालालाई अनुमतिपत्र दिनुपर्नेछ ।

(३) यो ऐन प्रारम्भ हुनुभन्दा अगावै विद्युत्को उत्पादन, प्रसारण वा वितरण गरिरहेको व्यक्ति वा सङ्गठित संस्थाले पनि दफा ३ को प्रतिबन्धात्मक वाक्याङ्शबमोजिम हुनेमा बाहेक तोकिएको विवरणसहित यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र तोकिएको अधिकारीसमक्ष अनुमतिपत्रको लागि दरखास्त दिनुपर्नेछ ।

(४) उपदफा ३ बमोजिम परेको दरखास्तमा तोकिएको अधिकारीले आवश्यक जाँचबुझ गरी दरखास्त परेको मितिले साठी दिनभित्र तोकिएबमोजिमको ढाँचामा अनुमतिपत्र दिनुपर्नेछ ।

(५) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमतिपत्र बिक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा तोकिएको अधिकारीबाट स्वीकृति लिनुपर्नेछ ।

**५. अनुमतिपत्रको अवधि:**

(१) विद्युत्को सर्वेक्षणको लागि दिइने अनुमतिपत्रको अवधि बढीमा पाँच वर्षसम्मको हुनेछ ।

(२) विद्युत् उत्पादन, प्रसारण वा वितरणको लागि दिइने अनुमतिपत्रको अवधि बढीमा पचास वर्षसम्मको हुनेछ ।



(३) उपदफा (१) वा (२) मा तोकिएको अवधिभन्दा कम अवधिको लागि अनुमतिपत्र दिइएकोमा अनुमतिपत्रमा तोकिएको अवधि समाप्त हुनुभन्दा एक वर्ष अगावै तोकिएबमोजिम नवीकरण गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम नवीकरण नगराएमा त्यस्तो अनुमतिपत्र स्वतः रद्द हुनेछ ।

**६. अनुमतिपत्र दिनमा बन्देज:**

यस ऐनबमोजिम कुनै क्षेत्रमा विद्युत् वितरणको लागि कुनै व्यक्ति वा सङ्गठित संस्थालाई अनुमतिपत्र दिइएकोमा त्यस्तो अनुमतिपत्रको अवधिभर सोही क्षेत्रमा विद्युत् वितरणका लागि अन्य कुनै व्यक्ति वा सङ्गठित संस्थालाई अनुमतिपत्र दिइने छैन ।

तर अनुमतिपत्र प्राप्त व्यक्तिले त्यस क्षेत्रको विद्युत्को माग पूर्ति गर्न नसकेको भन्ने कुरा देखिन आएमा अन्य कुनै व्यक्ति वा सङ्गठित संस्थालाई पनि सो क्षेत्रमा विद्युत् वितरण गर्न अनुमतिपत्र दिन सकिने छ ।

**७. अनुमतिपत्र प्राप्त व्यक्तिले पालन गर्नुपर्ने कुराहरू:**

अनुमतिपत्र प्राप्त व्यक्तिले विद्युत्को सर्वेक्षण, उत्पादन, प्रसारण वा वितरणको सम्बन्धमा पालन गर्नुपर्ने कुराहरू तोकिएबमोजिम हुनेछन् ।

**८. अनुमतिपत्र खारेज गर्न सकिने:**

(१) अनुमतिपत्र प्राप्त व्यक्तिले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेमा तोकिएको अधिकारीले अवधि तोकी त्यस्तो काममा आवश्यक सुधार गर्न सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिलाई आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र अनुमतिपत्र खारेज गर्नुअघि तोकिएको अधिकारीले त्यस्तो व्यक्तिले पाएको अनुमतिपत्र खारेज गर्न सक्नेछ ।

(३) उपदफा २ बमोजिम अनुमतिपत्र खारेज गर्नुअघि तोकिएको अधिकारीले सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिलाई आफ्नो सफाई पेस गर्न मनासिब मौका दिनुपर्नेछ ।

**९. अनुमतिपत्र प्राप्त व्यक्तिसँग सम्झौता गर्न सकिने:**

अनुमतिपत्र प्राप्त व्यक्तिसँग विद्युत्को एकमुष्ट खरिद, लगानी गरिने आवश्यक पूँजीको जमानत वा अन्य आर्थिक एवम् प्राविधिक विषयहरूका सम्बन्धमा श्री ५ को सरकारले सम्झौता गर्न सक्नेछ ।

**१०. श्री ५ को सरकारको स्वामित्व हुने:**

(१) जम्मा लगानीको ५० प्रतिशतभन्दा बढी विदेशी व्यक्ति वा सङ्गठित संस्थाको लगानीमा स्थापना गरिएको विद्युत् उत्पादन केन्द्र वा प्रसारण तथा वितरण लाइनसित सम्बन्धित जग्गा, भवन, उपकरण तथा संरचनामा अनुमतिपत्रमा तोकिएको अवधि समाप्त भएपछि श्री ५ को सरकारको स्वामित्व हुनेछ ।

# प्रस्तावित विद्युत् विधेयकमा संसोधनका सुझावहरु

iPPAN नेपालको समृद्धिका लागि उर्जा

| दफा, उपदफा | प्रस्तावित व्यवस्था | संसोधन | साविक ऐनको व्यवस्था | कारण |
|---|---|---|---|---|
| **परिच्छेद ४** अनुमती पत्र सम्बन्धी व्यवस्था | **दफा २२ अनुमती पत्र खारेज गर्न सक्ने:**<br>उपदफा (३) उपदफा (२) बमोजिम अनुमती पत्र प्राप्त संस्थाले दिएको जवाफ समेतलाई विचार गरि अनुमती पत्र खारेज गर्नुपर्ने स्पष्ट र वस्तुनिष्ठ आधार देखिएमा अनुमती पत्र प्रदान गर्ने अधिकारीले त्यस्तो अनुमती पत्र खारेज गर्न सक्नेछ । | **दफा २२ अनुमती पत्र खारेज गर्न सक्ने:**<br>उपदफा (३) उपदफा (२) ..... सक्नेछ ।<br>थप गर्नुपर्ने<br>तर अनुमती पत्र प्राप्तगरि वित्तिय व्यवस्थापन समापन गरेर निर्माणाधीन आयोजना अनुमती पत्र खारेज गरिने छैन । यसका साथै परियोजनाका लागि आवश्यक जग्गा बाह्य कारणबाट प्राप्त हुन नसकेमा, सरकारी निकायबाट पाउनुपर्ने स्वीकृतिमा ढिलाई भएको कारण देखिएमा पनि अनुमतिपत्र खारेज गरिनेछैन ।<br><br>(क) उपदफा (३) बमोजिम खारेज अनुमती पत्र प्रतिष्पर्धाका माध्यमबाट अनुमती पत्र प्रदान गर्दा खारेज गरिएको आयोजनाको प्रर्वधकलाई उचित क्षतीर्पुती दिईने छ । | अनुमतिपत्र खारेज गर्न सकिने :<br>(१) अनुमतिपत्र प्राप्त व्यक्तिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेमा तोकिएको अधिकारीले अवधि तोकि त्यस्तो काममा आवश्यक सुधार गर्न सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिलाई आदेश दिन सक्नेछ ।<br>(२) उपदफा (१) बमोजिम तोकिएको अवधि भित्र अनुमतिपत्र प्राप्त व्यक्तिले आवश्यक सुधार नगरेमा तोकिएको अधिकारीले त्यस्तो व्यक्तिले पाएको अनुमतिपत्र खारेज गर्न सक्नेछ ।<br>(३) उपदफा (२) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि तोकिएको अधिकारीले सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिलाई आफ्नो सफाई पेश गर्न मनासिब मौका दिनु पर्नेछ । | नेपालको संविधान २०७२ को धारा २५ नागरिको संपतीको संरक्षण गर्नु राज्यको दायित्व भएकोले . |

# प्रस्तावित विद्युत् विधेयकमा संसोधनका सुझावहरु

| दफा, उपदफा | प्रस्तावित व्यवस्था | संसोधन | साविक ऐनको व्यवस्था | कारण |
|---|---|---|---|---|
| **परिच्छेद ४** अनुमती पत्र सम्बन्धी व्यवस्था | दफा २३ स्वामित्व हस्तान्तरण: अनुमती पत्र प्राप्त संस्थाले अनुमती पत्रको अवधी समाप्त भएपछि जुन तहको सरकारबाट अनुमती पत्र जारि भएको हो सोही तहको सरकार वा सोही तहको सरकारले तोकेको निकायलाई देहाय बमोजिमको संरचना चालु अवस्थामा निशुल्क हस्तान्तरण गर्नुपर्ने छ। | दफा २३ स्वामित्व हस्तान्तरण:<br>**थपगर्नुपर्ने**<br>उपदफा (७) यो ऐन जारि हुनु भन्दा अगाडि जारि भएका आयोजनाको हकमा अनुमतिपत्रको अवधी सम्वन्धी व्यवस्था विद्युत ऐन २०४९ अनुसार हुने छ।<br>र<br>माथि जेसुकै लेखिएको भएतापनी विदेशी लगानी विना स्थापना गरिएको विद्युत उत्पादन केन्द्र वा प्रसारण तथा वितरण लाईनको सञ्चालन तथा व्यवस्थापन अनुमती पत्रमा तोकिएको आवधी समाप्त भएपछि पुर्व अनुमती पत्र प्राप्त संस्थाले सरकारसंग सम्झौता गरि सम्झौता बमोजिम गर्नुपर्ने छ।<br>उपदफा ८ यो ऐन जारि हुनु भन्दा अगाडि जारि भएका आयोजनाको हकमा अनुमतिपत्रको अवधी सम्वन्धी व्यवस्था विद्युत ऐन २०४९ अनुसार हुने छ। | विद्युत् ऐन २०४९ को दफा (१०) को उपदफा (४) जम्मा लागानीको पचास प्रतिशत सम्म विदेशी व्यक्ती वा संगठित संस्थाको लगनीमा वा विदेशी लगानी विना स्थापना गरिएको विद्युत उत्पादन केन्द्र वा प्रसारण तथा वितरण लाईनको सञ्चालन तथा व्यवस्थापन अनुमती पत्रमा तोकिएको आवधी समाप्त भएपछि पुर्व अनुमती पत्र प्राप्त व्यक्तीले सरकार संग सम्झौता गरि सम्झौता बमोजिम गर्नुपर्ने छ। | विद्युत् ऐन २०४९ को दफा (१०) को उपदफा (४) बमोजिम गर्न उपयुक्त भएकोले।<br>विद्युत् ऐन २०४९ को व्यवस्थाले ६० लाख सर्वसाधारण सेयरधनीको शेयर लागानीको संरक्षण गर्ने भएकोले<br><br>र नेपालको संविधान २०७२ को धारा २५ नागरिको सम्पतिको संरक्षण गर्नु राज्यको दायित्व भएकोले। |

# विद्युत् ऐन २०४९ को दफा (१०) र दफा १२



(३) उपदफा (१) वा (२) मा तोकिएको अवधिभन्दा कम अवधिको लागि अनुमतिपत्र दिइएकोमा अनुमतिपत्रमा तोकिएको अवधि समाप्त हुनुभन्दा एक वर्ष अगावै तोकिएबमोजिम नवीकरण गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम नवीकरण नगराएमा त्यस्तो अनुमतिपत्र स्वत: रद्द हुनेछ ।

**६. अनुमतिपत्र दिनमा बन्देज:**

यस ऐनबमोजिम कुनै क्षेत्रमा विद्युत् वितरणको लागि कुनै व्यक्ति वा सङ्गठित संस्थालाई अनुमतिपत्र दिइएकोमा त्यस्तो अनुमतिपत्रको अवधिभर सोही क्षेत्रमा विद्युत् वितरणका लागि अन्य कुनै व्यक्ति वा सङ्गठित संस्थालाई अनुमतिपत्र दिइने छैन ।

तर अनुमतिपत्र प्राप्त व्यक्तिले त्यस क्षेत्रको विद्युत्को माग पूर्ति गर्न नसकेको भन्ने कुरा देखिन आएमा अन्य कुनै व्यक्ति वा सङ्गठित संस्थालाई पनि सो क्षेत्रमा विद्युत् वितरण गर्न अनुमतिपत्र दिन सकिने छ ।

**७. अनुमतिपत्र प्राप्त व्यक्तिले पालन गर्नुपर्ने कुराहरू:**

अनुमतिपत्र प्राप्त व्यक्तिले विद्युत्को सर्वेक्षण, उत्पादन, प्रसारण वा वितरणको सम्बन्धमा पालन गर्नुपर्ने कुराहरू तोकिएबमोजिम हुनेछन् ।

**८. अनुमतिपत्र खारेज गर्न सकिने:**

(१) अनुमतिपत्र प्राप्त व्यक्तिले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेमा तोकिएको अधिकारीले अवधि तोकी त्यस्तो काममा आवश्यक सुधार गर्न सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिलाई आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र अनुमतिपत्र खारेज गर्नुअघि तोकिएको अधिकारीले त्यस्तो व्यक्तिले पाएको अनुमतिपत्र खारेज गर्न सक्नेछ ।

(३) उपदफा २ बमोजिम अनुमतिपत्र खारेज गर्नुअघि तोकिएको अधिकारीले सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिलाई आफ्नो सफाई पेस गर्न मनासिब मौका दिनुपर्नेछ ।

**९. अनुमतिपत्र प्राप्त व्यक्तिसँग सम्झौता गर्न सकिने:**

अनुमतिपत्र प्राप्त व्यक्तिसँग विद्युत्को एकमुष्ट खरिद, लगानी गरिने आवश्यक पूँजीको जमानत वा अन्य आर्थिक एवम् प्राविधिक विषयहरूका सम्बन्धमा श्री ५ को सरकारले सम्झौता गर्न सक्नेछ ।

**१०. श्री ५ को सरकारको स्वामित्व हुने:**

(१) जम्मा लगानीको ५० प्रतिशतभन्दा बढी विदेशी व्यक्ति वा सङ्गठित संस्थाको लगानीमा स्थापना गरिएको विद्युत् उत्पादन केन्द्र वा प्रसारण तथा वितरण लाइनसित सम्बन्धित जग्गा, भवन, उपकरण तथा संरचनामा अनुमतिपत्रमा तोकिएको अवधि समाप्त भएपछि श्री ५ को सरकारको स्वामित्व हुनेछ ।



(२) उपदफा (१) बमोजिम श्री ५ को सरकारको स्वामित्वमा आएको सम्पत्ति विद्युत् उत्पादन, प्रसारण वा वितरण गर्नको लागि पूर्व अनुमतिपत्र प्राप्त व्यक्तिले उपदफा (३) बमोजिम निर्धारण गरिएको मूल्यमा लिन सक्नेछ र त्यसरी सम्पत्ति प्राप्त गरेपछि निजले श्री ५ को सरकारसँग सम्झौता गरी सो सम्झौताबमोजिम विद्युत्को उत्पादन, प्रसारण वा वितरण गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको मूल्य निर्धारणको प्रयोजनको लागि श्री ५ को सरकारले कम्तीमा पाँचजना व्यक्तिहरूको एक समिति गठन गर्नेछ ।

(४) जम्मा लगानीको ५० प्रतिशतसम्म विदेशी व्यक्ति वा सङ्गठित संस्थाको लगानीमा वा विदेशी लगानी बिना स्थापना गरिएको विद्युत् उत्पादन केन्द्र वा प्रसारण तथा वितरण लाइनको सञ्चालन तथा व्यवस्थापन अनुमतिपत्रमा तोकिएको अवधि समाप्त भएपछि पूर्व अनुमतिपत्र प्राप्त व्यक्तिले श्री ५ को सरकारसँग सम्झौता गरी सो सम्झौताबमोजिम गर्नुपर्नेछ ।

**११. रोयल्टी बुझाउनु पर्ने:**

(१) अनुमतिपत्र प्राप्त व्यक्तिले जलविद्युत्को व्यापारिक उत्पादन शुरू गरेको पन्ध्र वर्षसम्म प्रति जडित किलोवाट वार्षिक एकसय रूपैयाँ र प्रति युनिट (किलोवाट घण्टा) सरदर बिक्री मूल्यको २ प्रतिशतका दरले श्री ५ को सरकारलाई रोयल्टी बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) मा उल्लिखित अवधिपछि अनुमतिपत्र प्राप्त व्यक्तिले प्रति जडित किलोवाट वार्षिक एकहजार रूपैयाँ र प्रति युनिट (किलोवाट घण्टा) सरदर बिक्री मूल्यको १० प्रतिशतका दरले श्री ५ को सरकारलाई रोयल्टी बुझाउनु पर्नेछ ।

**१२. आय. ५८ भिः. ........ र अन्य कर, दस्तुरसम्बन्धी सुविधा:**

आय. ५८ भिः.(१)................

आय. ५८ भिः.(२)................

आय. ५८ भिः.(३)................

आय. ५८ भिः.(४)................

आय. ५८ भिः.(५)................

आय. ५८ भिः.(६)................

(७) स्थानीय उद्योगहरूबाट उत्पादन तथा बिक्री गरिने जलविद्युत् उत्पादन, प्रसारण वा वितरणको लागि आवश्यक पर्ने निर्माण उपकरणहरू, मेशिनरी औजारहरू तथा सञ्चालन र सम्भारको निमित्त आवश्यक पर्ने उपकरणहरू र तिनका पार्टपूर्जाहरू आयात गरेमा प्रचलित दरबन्दीअनुसार भन्सार र बिक्रीकर लाग्नेछ । नेपालमा उत्पादन नहुने सामानहरूको हकमा १ प्रतिशतमात्र भन्सार महसुल लाग्नेछ र त्यस्तोमा आयात इजाजतपत्र दस्तुर, बिक्रीकर आदि लाग्ने छैन ।

**१३. विदेशी विनिमयको सुविधा:**

जलविद्युत् उत्पादन, प्रसारण वा वितरणको लागि ऋण वा शेयर पूँजीको रूपमा विदेशी मुद्रा लगानी गरेकोमा ऋणको सावाँ वा ब्याज भुक्तानी

# प्रस्तावित विद्युत् विधेयकमा संसोधनका सुझावहरु

iPPAN नेपालको समृद्धिका लागि उर्जा

| दफा, उपदफा | प्रस्तावित व्यवस्था | संसोधन | साविक ऐनको व्यवस्था | कारण |
|---|---|---|---|---|
| परिच्छेद ८ रोयल्टी तथा विद्युत महसुल | दफा ३६ रोयल्टी:<br>(ख) खण्ड (क) मा उल्लिखित अवधीपछि (१५ वर्षपछि) अनुमती पत्र प्राप्त संस्थाले जडित किलोवाट वार्षिक १ हजार २ सय रुपौया र प्रतियुनिट (किलोवाट घण्टा) सरदर विक्री मुल्यको १२ प्रतिशतले हुन आउने वार्षि रोल्टी वापतको रकम | (ख) खण्ड (क) मा उल्लिखित अवधी पछि ( १५ वर्षपछि) अनुमती पत्र प्राप्त आयोजनाले किलोवाट वार्षिक १ हजार रुपौया र प्रतियुनिट (किलोवाट घण्टा) सरदर विक्री मुल्यको १० प्रतिशतले हुन आउने वार्षिक रोयल्टी वापतको रकम<br>थप गर्नुपर्ने<br>(ग) (ख) खण्ड (क) मा उल्लिखित अवधी पछि (१५ वर्षपछि) अनुमती पत्र प्राप्त २५ मे.वा भन्दा साना आयोजनाले जडित किलोवाट वार्षिक ७ सय रुपौया र प्रतियुनिट (किलोवाट घण्टा) सरदर विक्री मुल्यको ७ प्रतिशतले हुन आउने वार्षिक रोयल्टी वापतको रकम | विद्युत् ऐन २०४९ को दफा ( १०) को उपदफा (४) जम्मा लागानीको पचास प्रतिशत सम्म विदेशी व्यक्ती वा संगठित संस्थाको लगनीमा वा विदेशी लगानी विना स्थापना गरिएको विद्युत उत्पादन केन्द्र वा प्रसारण तथा वितरण लाईनको सञ्चालन तथा व्यवस्थापन अनुमती पत्रमा तोकिएको आवधी समाप्त भएपछि पुर्व अनुमती पत्र प्राप्त व्यक्तीले सरकार संग सम्झौता गरि सम्झौता बमोजिम गर्नुपर्ने छ। | विद्युत् ऐन २०४९ को दफा ( १०) को उपदफा (४) बमोजिम गर्न उपयुक्त भएकोले।<br>विद्युत् ऐन २०४९ को व्यवस्थाले ५० लाख सर्वसाधारण सेयरधनीको शेयर लागानीको संरक्षण गर्ने भएकोले<br><br>र सो ऐनले प्रदान गरेको सुविधा अनुसार गर्न उपयुक्त भएकोले र<br>नेपालको संविधान २०७२ को धारा २५ नागरिको सम्पतिको संरक्षण गर्नु राज्यको दायित्व भएकोले। |

# प्रस्तावित विद्युत् विधेयकमा संसोधनका सुझावहरु

iPPAN
नेपालको समृद्धिका लागि उर्जा

| दफा, उपदफा | प्रस्तावित व्यवस्था | संसोधन | साविक ऐनको व्यवस्था | कारण |
|---|---|---|---|---|
| **परिच्छेद ९ घर जग्गा प्राप्ती तथा वातावरण संरक्षण** | दफा ४१ जग्गाको प्रयोग<br>उपदफा (१) विद्युत् आयोजनाको लागि प्राप्त वा खरिद गरिएको जग्गा कुनै पनि तरिकाले बिक्री वितरण गर्न हक हस्तान्तरण गर्न सट्टा पट्टा गर्न वा अन्य प्रयोजनको लागि प्रयोग गर्न पाईने छैन ।<br>उपदफा (२) सौर्य विद्युत आयोजना निर्माण गर्न कृषियोग्य जमिन, निकुञ्ज र आरक्षमा अनुमति दिइने छैन । | दफा ४१ जग्गाको प्रयोग<br>उपदफा (१) .....प्रयोग गर्न पाईने छैन ।<br>तर उक्त आयोजनामा सौर्य विद्युत उत्पादन गर्न र कृषी, पर्यटन सम्वन्धी कार्यगर्न बाधा पुग्ने छैन ।<br>उपदफा (२) सौर्य विद्युत आयोजना निर्माण गर्न सरकारी सिंचाई सुविधा उपलब्ध भएको कृषियोग्य जमिन, निकुञ्ज र आरक्षमा अनुमति दिइने छैन । | अरुको घर जग्गाको उपयोग वा प्राप्ति :<br>(१) विद्युत उत्पादन, प्रसारण वा वितरण गर्नका लागि अरु कसैको घर जग्गा उपयोग गर्न वा प्राप्त गर्न आवश्यक परेमा अनुमतिपत्र प्राप्त व्यक्तिले नेपाल सरकार समक्ष निवेदन दिन सक्नेछ ।<br>(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएमा नेपाल सरकारले तत्सम्बन्धमा आवश्यक जाँचबुझ गरी प्रचलित कानून बमोजिम संगठित संस्थालाई जग्गा प्राप्त गराई दिएसरह अनुमतिपत्र प्राप्त व्यक्तिलाई त्यस्तो घर जग्गा प्राप्त गराई दिन सक्नेछ । सरकारी जग्गा भएमा अनुमतिपत्रको अवधिभरको लागि पट्टा (लीज) मा उपलब्ध गराउनेछ ।<br>(३) नेपाल सरकारले वा अनुमतिपत्र प्राप्त व्यक्तिले विद्युतको उत्पादन, प्रसारण वा वितरण सम्बन्धी कुनै निर्माण कार्य गरेकोमा त्यस्तो निर्माण कार्य भएको ठाउँ वा सो ठाउँको वरीपरी तोकिएको दूरीमा पर्ने घर जग्गा अरु कसैले कुनै खास कामको निमित्त प्रयोग गर्न नपाउने गरी नेपाल सरकारले निषेध गर्न सक्नेछ । त्यसरी निषेध गरिएको कारणबाट सम्बन्धित व्यक्तिलाई पर्ने हानि नोक्सानी बापत नेपाल सरकार वा अनुमतिपत्र प्राप्त व्यक्तिले तोकिए बमोजिम क्षतीपूर्ति दिनेछ । | पुर्वाधार विकास आयोजनाको लागि जग्गा प्राप्तीमा सहजीकरण गर्ने सरकारको जिम्मेवारी र दाईत्व समेतहुने भएकोले । |

# प्रस्तावित विद्युत् विधेयकमा संसोधनका सुझावहरु

iPPAN नेपालको समृद्धिका लागि उर्जा

| दफा, उपदफा | प्रस्तावित व्यवस्था | संसोधन | साविकको व्यवस्था | कारण |
|---|---|---|---|---|
| **परिच्छेद १० निर्देशक समिति** | ४४ .निर्देशक समितिः (१) विद्युत आयोजनाको विकास तथा सञ्चालन सम्बन्धमा नीतिगत विषयमा निर्णयगर्न र सम्वद्ध निकायहरु बीच आवश्यक समन्वय गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछः-<br>(क) ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्री वा राज्य मन्त्री, य - अध्यक्ष<br>(ख) सदस्य (ऊर्जा क्षेत्र हेर्ने), राष्ट्रिय योजना आयोग - सदस्य<br>(ग) सचिव, मन्त्रालय - सदस्य<br>(घ) सचिव, प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यलय - सदस्य<br>(ङ) सचिव, वन तथा वातावरण मन्त्रालय - सदस्य<br>(च) सचिव, जल तथा उर्जा आयोग - सदस्य<br>(छ) स्नातकोत्तर उपाधी हासिल गरेको र ऊर्जा क्षेत्रमा कम्तिमा दश वर्षको अनुभव भएका व्यक्तीहरु मध्येबाट मन्त्रालयले मनोनीत गरेको कम्तीमा एक जना महिलासहित दुई जना - सदस्य<br>(ज) लगानीबोर्डको कार्यकारी प्रमुख - सदस्य<br>(झ) सहसचिव, उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय - सदस्य-सचिव<br>(४) उपदफा (१) बमोजिको समितिमा सम्वन्धीत प्रदेशको सम्वन्धीत विषय हेर्ने मन्त्री वा सो मन्त्रालयको प्रतिनिधी वा विद्युत क्षेत्रको निजीक्षेत्रको प्रतिनिधी आमन्त्रण गर्न सकिने छ । | दफा (४४) उपदफा १ थप गर्नु पर्ने (ञ) विद्युत उत्पादन गरिरहेको निजी क्षेत्रको छाता संस्था स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था नेपालको संस्थागत प्रतिनिधित्व १ जना<br>(ठ) सात प्रदेश सरकारले तोकेको उर्जा हेर्ने सम्वन्धीत प्रदेश मन्त्री सदस्य (७ जना) | नभएको | विद्युत् उत्पादन गर्ने मुख्य सरोकारवाला निजी क्षेत्रको सहभागीता आवस्यक भएको र विद्युत् आयोजनाको विकास तथा सञ्चालन सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह र सरोकारवाला विच आवश्यक समन्वय, छलफल, बैठक र सहजी करण गर्ने समितिमा प्रदेश सरकार आवस्यक भएकोले |
| | | | | |

# प्रस्तावित विद्युत् विधेयकमा संसोधनका सुझावहरु

| दफा, उपदफा | प्रस्तावित व्यवस्था | संसोधन | साविकको व्यवस्था | कारण |
|---|---|---|---|---|
| **परिच्छेद १३ विविध** | दफा ५७: सम्झौता गरि जलविद्युत् आयोजनाको विकास तथा सञ्चालन गर्न सक्ने<br>(क) एक सय मेगावाट भन्दा बढी जडित क्षमताको केन्द्रिय स्तरको ठुलो आयोजना भएमा | दफा ५७: सम्झौता गरि जलविद्युत् आयोजनाको विकास तथा सञ्चालन गर्न सक्ने<br>(क) ५०० मेगावाट भन्दा ठुला जलाशययुक्त र बहुउदेश्यीय आयोजना भएमा | नभएको | ५०० मेगावाट सम्मका आयोजना बनाउने स्वदेशी निजी क्षेत्र समक्ष भएकोले |
| | | | | |

# प्रस्तावित विद्युत् विधेयकमा संसोधनका सुझावहरु

| दफा, उपदफा | प्रस्तावित व्यवस्था | संसोधन | साविकको व्यवस्था | कारण |
|---|---|---|---|---|
| परिच्छेद १३ | दफा ६७ खारेजी र बचाउः<br>(१) विद्युत ऐन २०४९ र विद्युत नियमन आयोग ऐन २०७४ को दफा १२ को खण्ड (च) र दफा १४ को खण्ड (ञ) खारेज गरिएको छ ।<br>(२) विद्युत ऐन २०४९ बमोजिम भए गरेको काम कारवाही यसै ऐन भए गरेको मानिने छ । | दफा ६७ खारेजी र बचाउः<br>१. विद्युत ऐन २०४९ खारेज गरिएको छ थपगर्नुपर्ने<br>(३) विद्युत ऐन २०४९ बमोजिम अनुमती पत्र प्राप्त आयोजनाहरुको हक र सुविधा सोहि ऐन बमोजिम हुने छ । | **विद्युत नियमन आयोग ऐन २०७४**<br>दफा १२ को (च) विद्युत सेवाको आन्तरिक माग तथा आपुर्तीको लागि न्युनतम् लागत विस्तार कार्ययोजना बनाई कार्यान्यन गर्ने वा गर्न लगाउने<br><br>दफा १४ को (ञ) विद्युतीय प्रणलीमा खुला पहँचको व्यवस्था गर्ने । | विद्युत नियमन आयोग ऐन २०७४ को अनुसार ऐनले दिएको अधिकार विद्युत ऐनले खारेज गर्न उपयुक्त नभएकोले । र विद्युत ऐन २०४९ बमोजिम अनुमती पत्र प्राप्त आयोजनाहरुको हक र सुविधा सोहि ऐन बमोजिम गर्न उपयुक्त हुने भएकोले । |
| | | | | |

# प्रस्तावित विद्युत् विधेयकमा संसोधनका सुझावहरु

iPPAN
नेपालको समृद्धिका लागि उर्जा

| दफा, उपदफा | प्रस्तावित व्यवस्था | संसोधन | साविकको व्यवस्था | कारण |
|---|---|---|---|---|
| परिच्छेद १४ | थपगर्ने | विशेष व्यवस्था:<br>दफा ६८ उपदफा (१) : कुनै विशेष अवस्थापरी कुनै क्षेत्रको विद्युत उत्पादन प्रसारण वा वितरण बन्द गर्नु परेमा वा कुनै क्षेत्रमा विद्युत सेवा तत्काल पुर्‍याउनु पर्ने भएमा नेपाल सरकारले सम्बन्धित विद्युत उत्पादन वितरण वा प्रसारण गर्नेलाई आवश्यक आदेश दिन सक्ने छ र त्यस्तो आदेश पालना गर्नु निजको कर्तव्य हुने छ ।<br><br>उपदफा (२) : उपदफा (१) बमोजिमको आदेश पालन गर्दा पर्न गएको हानी नोक्सानीको क्षतिपूर्ति नेपाल सरकारले व्यहोर्ने छ ।<br><br>उपदफा (३) अनुमती पत्र प्राप्त संस्थाले यस ऐन बमोजिम पाउने सुविधाका अतिरिक्त प्रचलित कानुन बमोजिब पाउने सुविधा दोहोरो नपर्ने गरि लिन पाउने छ । | **दफा २८ उपदफा (१)** : कुनै विशेष अवस्थापरी कुनै क्षेत्रको विद्युत उत्पादन प्रसारण वा वितरण बन्द गर्नु परेमा वा कुनै क्षेत्रमा विद्युत सेवा तत्काल पुर्‍याउनु पर्ने भएमा नेपाल सरकारले सम्बन्धित विद्युत उत्पादन वितरण वा प्रसारण गर्नेलाई आवश्यक आदेश दिन सक्ने छ र त्यस्तो आदेश पालना गर्नु निजको कर्तव्य हुने छ ।<br><br>उपदफा (२) उपदफा (१) बमोजिमको आदेश पालन गर्दा पर्नगएको हानी नोक्सानीको क्षतिपूर्ति नेपाल सरकारले व्यहोर्ने छ ।<br>**दफा १४:** अनुमती पत्र प्राप्त संस्थाले यस ऐन बमोजिम पाउने सुविधाका अतिरिक्त प्रचलित कानुन बमोजिब पाउने सुविधा दोहोरो नपर्ने गरि लिन पाउने छ । | विद्युत ऐन, २०४९ को दफा २८, १४, दफाको व्यवस्था उपयुक्त भएकोले । |
| | | | | |

# प्रस्तावित विद्युत् विधेयकमा संसोधनका सुझावहरु

| दफा, उपदफा | प्रस्तावित व्यवस्था | संसोधन | साविकको व्यवस्था | कारण |
|---|---|---|---|---|
| परिच्छेद १४ | थपगर्ने | विशेष व्यवस्था:<br><br>उपदफा (४) विद्युत उत्पादन प्रसारण र वितरणका लागि ऋण र सेयर पुजीको रुपमा विदेशी मुद्रा लगानी गरेकोमा ऋणको सावा व्याज, तथा मुनाफा भुक्तानी गर्नको लागि वा लगानी फीता गर्नका लागि आवस्यक विदेशी मुद्रा नेपाल सरकारले प्रचलित बजार विनिमय दरमा उपलब्ध गराउने छ ।<br><br>उपदफा (५) प्रचलीत कानुनमा जेसुकै कुरा लेखिएको भएतापनी विद्युत् उत्पादन, प्रसारण र वितरणको काममा संलग्न कामदार तथा कर्मचारीको व्यवस्था तोकिए बमोजिमहुने छ ।<br>उपदफा (६) अन्यत्र जेसुकै कुरा लेखिएको भएतापनी जलविद्युत् उत्पादनको अनुमती पत्र प्राप्त संस्थालाई अनुमती पत्रमा उल्लेख भए बमोजिको कामको लागि सोहि अनुमती पत्रमा तोकिएको स्थान र परिणमा सम्मको जलश्रोत उपयोग पुर्ण अधिकार प्राप्त हुनेछ । | **दफा** (१३) जलविद्युत उत्पादन प्रसारण र वितरणका लागि ऋण र सेयर पुजीको रुपमा विदेशी मुद्रा लगानी गरेकोमा ऋणको सावा व्याज, तथा मुनाफा भुक्तानी गर्नको लागि वा लगानी फीता गर्नका लागि आवस्यक विदेशी मुद्रा नेपाल सरकारले प्रचलित बजार विनिमय दरमा उपलब्ध गराउने छ ।<br>**दफा** (१५) प्रचलीत कानुनमा जेसुकै कुरा लेखिएको भएतापनी विद्युत् उत्पादन, प्रसारण र वितरणको काममा संलग्न कामदार तथा कर्मचारीको व्यवस्था तोकिए बमोजिमहुने छ । | विद्युत ऐन, २०४९ को दफा १३ र दफा १५ को व्यवस्था उपयुक्त भएकोले ।<br><br>विद्युत नियमावली २०५० को नियम २० को व्यवस्था उपयुक्त हुने भएकोले |
| | | | | |